नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
च.नं.: -

विज्ञप्ति

नेपाल सरकारका मुख्यसचिव श्री एकनारायण अर्यालको संयोजकत्वमा मिति २०८२ भदौ २२ गते केन्द्रीय अनुगमन तथा मूल्याङ्कन समितिको ७१ औं बैठक बस्यो। उक्त समितिले चाडपर्वको समयमा गुणस्तरीय उपभोग्य वस्तुको सहज र सुलभ आपूर्ति व्यवस्था, भरपर्दो सुरक्षा प्रवन्ध, सार्वजनिक यातायातको प्रभावकारी व्यवस्थापन, विपद् प्रभावित राजमार्गहरुको पूर्ववत सञ्चालन, मौसमी रोग, डेंगी, हैजा, लम्पी स्किन लगायतको प्रकोप नियन्त्रणका विषयमा विस्तृत छलफल गरी देहाय अनुसारका निर्णय गरेको छ।

१. राज्यको उपस्थिति जनताले प्रत्यक्ष महसुस हुने र तत्काल नतिजा देखिने गरी सबै तहका सरकारी निकायबाट नागरिकलाई सेवा प्रवाहको उचित प्रवन्ध गर्ने।

२. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडमार्फत काठमाडौं उपत्यका तथा काठमाडौं उपत्यका बाहिरका स्थानहरूमा उपभोग्य वस्तुहरू सुपथ मूल्यमा सहज रूपमा उपलब्ध गराउन सुपथ मूल्य पसल सञ्चालन गर्ने व्यवस्था मिलाउने।

३. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले उपभोग्य वस्तुहरूको सहज उपलब्धता, म्याद नाघेका वस्तुहरूको बिक्री वितरण नियन्त्रण, नापतौल तथा गुणस्तरमा हुने ठगी कार्य लगायतको कालो बजारी नियन्त्रण गर्नका लागि संयुक्त बजार अनुगमनको दायरा र सघनता बढाउने।

४. वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले दैनिक उपभोग्य वस्तु तथा सेवाको आपूर्तिका सम्बन्धमा जनताका गुनासो संकलनका लागि टोल फ्रि नम्बरको व्यवस्था गरी सार्वजनिक गर्ने र प्राप्त भएका गुनासोको तत्काल सम्बोधन गर्ने व्यवस्था मिलाउने।

५. खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले खाद्य पदार्थमा अखाद्य वस्तुको मिसावट, गुणस्तरहीन खाद्य वस्तुहरूको बिक्री वितरणमा रोक लगाई खाद्य स्वच्छता तथा गुणस्तर कायम गर्न दुग्धजन्य पदार्थ, तरकारी, फलफूल, मासु लगायतका खाद्य सामाग्रीको नमूना सङ्कलन, परीक्षण र आवश्यक नियमनका कार्य प्रभावकारी तवरले सञ्चालन गर्ने। यस प्रयोजनका लागि मोबाइल भ्यानहरू समेत सञ्चालनमा ल्याउने।

६. गृह मन्त्रालयले सबै जिल्ला प्रशासन कार्यालयमार्फत बजार अनुगमन गरी वस्तु तथा सेवाको सहज आपूर्ति हुने तथा अखाद्य वस्तुको प्रयोग, बिक्री वितरण र कालोबजारी नियन्त्रण गर्ने गराउनेतर्फ थप सक्रिय भई कार्य गर्ने।

७. संयुक्त बजार अनुगमनको दायरा र सघनता अभिवृद्धि गर्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र गृह मन्त्रालयबाट थप जनशक्ति माग भई आएमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जनशक्ति व्यवस्थापन गर्ने। यस सम्बन्धमा प्रदेश र स्थानीय तहबाट समेत जनशक्ति र स्रोत साधन परिचालन गर्न आवश्यक समन्वय गर्ने।

८. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र गृह मन्त्रालयले आम नागरिकको यात्रालाई सुरक्षित तथा व्यवस्थित गर्न प्रमुख जिल्ला अधिकारी र नेपाल प्रहरीमार्फत चाडपर्वलाई लक्षित गरी सार्वजनिक यातायातको

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np

पत्र संख्याः-

च.नं.: -

लामो दूरीको रुट परमिटको व्यवस्था, भाडादर, यात्रुसीट क्षमताका आधारमा अनलाइन प्रणालीसमेतबाट टिकट बुकिङको व्यवस्था, लामो दूरीको यात्रामा दुईजना सवारी चालकको व्यवस्था, सवारी चालकले मादक/लागू पदार्थ सेवन गरे/नगरेको परीक्षणको व्यवस्था र प्राविधिक रूपले योग्य सवारी साधन मात्र सञ्चालन गर्ने व्यवस्था गरी सो कार्यको नियमित रुपमा चेकजाँच तथा निरीक्षण गर्ने।

९. सडक विभागले सडक दुर्घटना तथा सडक सञ्जालसँग सम्बन्धित विपद् जोखिम व्यवस्थापन गर्न आवश्यक प्रबन्ध गर्ने। विभिन्न अवरुद्ध राष्ट्रिय राजमार्ग तथा मुख्य सडकहरू २०८२ असोज १० गतेभित्र पूनःसञ्चालनमा ल्याउने गरी तीव्ररुपमा काम गर्ने।

१०. पुल र सडकको भार वहन क्षमताभन्दा बढी भारका मालवाहक सवारी साधन सञ्चालनका कारण पुल र सडकमा क्षति हुन र विभिन्न कारणले राजमार्ग अवरुद्ध भई आवागमन प्रभावित हुन नदिन जिल्ला प्रशासन कार्यालय, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपालले नियमित रूपमा चेकजाँच र निरीक्षण गर्ने।

११. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले विमानस्थलहरूको सञ्चालन गर्ने समयावधि र उडान सङ्ख्या वृद्धि गर्न एवम् अस्वाभाविक हवाई यात्राको भाडादरको वृद्धि हुन नदिन आवश्यक नियमन र सहजीकरण गर्ने।

१२. गृह मन्त्रालयले समाजमा अमर्यादित र अबन्छित गतिविधिहरु हुन नदिई भयरहीत वातावरण र शान्ति सुरक्षाको भरपर्दो व्यवस्था मिलाउने।

१३. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले डेंगी, हैजा तथा मौसमजन्य रोग फैलिन नदिन प्रदेश तथा स्थानीय तहसँगको समन्वय र सहकार्यमा व्यापक रूपमा जनचेतनामूलक सन्देश प्रवाह गर्ने एवम् औषधि तथा स्वास्थ्य प्रविधिजन्य सामग्री, दक्ष जनशक्ति र पर्याप्त स्रोतसाधन पूर्ण तयारी अवस्थामा राख्ने/राख्न लगाउने।

१४. प्रदेश तथा स्थानीय तहसँगको समन्वय र सहकार्यमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयले चौपायामा फैलिएको लम्पी स्कीन रोग नियन्त्रणको उचित व्यवस्था मिलाउने।

१५. आन्तरिक राजस्व विभागले राजस्व छली नियन्त्रण गर्न वस्तु तथा सेवा बिक्री भएकै अवस्थामा वास्तविक कारोबार मूल्यमा बिल बिजक जारी गर्न लगाउने, सो प्रयोजनका लागि बजार अनुगमनलाई सघन बनाउने र राजस्व अनुसन्धान विभागले वस्तु तथा सेवाको अनौपचारिक कारोबारबाट हुनसक्ने राजस्व छली एवम् गैरकानूनी कारोबार कडाईका साथ नियन्त्रण गर्न अनुगमन र निगरानीलाई सघन बनाउने।

१६. गृह मन्त्रालयले अत्यावश्यक सेवा सञ्चालन गर्ने सबै निकायहरूबाट सार्वजनिक बिदाका दिनमा समेत सेवा सुचारु भए/नभएको अनुगमन गरी नियमित सेवा सञ्चालनको सुनिश्चितता प्रदान गर्ने।

१७. राष्ट्रिय सतर्कता केन्द्रले चाडपर्व लक्षित बजार अनुगमन र सेवा प्रवाह गर्ने निकायहरूबाट गरिएको कामकारबाहीको सुक्ष्म निगरानी गर्ने।

१८. यस बैठकबाट भएका निर्णयहरूको कार्यान्वयनको प्रगति पाक्षिक रूपमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका विकास व्यवस्थापन क्षेत्र हेर्ने सचिव समक्ष पेश गर्ने।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-

च.नं.: -

उक्त बैठकमा मुख्यसचिव एकनारायण अर्यालले राज्यको उपस्थिति देखिने गरी बजार अनुगमन तथा यातायात सञ्चालनलाई सहज बनाउने गरी गम्भीरताका साथ कार्य गर्न सम्बद्ध सबै पदाधिकारीहरूलाई निर्देशन दिनुभयो। बैठकमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, अर्थ मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कृषि तथा पशुपन्छी मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, राष्ट्रिय योजना आयोगका सचिवहरू, सुरक्षा निकायका प्रमुखहरू, काठमाडौं उपत्यकाका प्रमुख जिल्ला अधिकारीहरू एवम् प्रमुख प्रशासकीय अधिकृतलगायतका पदाधिकारीहरूको समेत उपस्थिति रहेको थियो।

२०८२ भदौ २२ गते, आइतबार।

रविलाल शर्मा
प्रवक्ता

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np